## संघीय संविधानमा स्थानीय सरकारको संवैधानिक व्यवस्था सम्वन्धी

# प्रस्ताव




## जिल्ला विकास समिति महासंघ नेपाल
## सानेपा, ललितपुर
## २०६९ जेठ

---

**इमेल :** addcn@addcn.org.np, **वेभपेज:** www.addcn.org.np
**फोन नं.:** ९७७-१-५५२९२०२, **फ्याक्स :** ९७७-१-५५४८४६९

# जिल्ला विकास समिति महासंघ नेपालको

## संघीय संविधानमा स्थानीय सरकारको संवैधानिक व्यवस्थासम्वन्धी

# प्रस्ताव

**पृष्ठभूमीः** २०४६ सालको जनआन्दोलन पछि प्राप्त प्रजातन्त्रको सम्वर्धन र संरक्षण गर्ने उद्देश्यका साथ तत्कालिन सरकारले स्थानीय निकायहरुको निर्वाचन गरी स्थानीय स्तरमा जनताको सहभागिता र पहुँच स्थापित गर्न गरेको पहल स्वरुप २०५१ सालमा जिविस महासंघ नेपालको स्थापना भै हालसम्म निरन्तर स्थानीय लोकतन्त्रको पक्षमा वकालती र पैरवीको कार्य गर्दै आएको छ । हाल संघीय नेपालको राज्य पुनर्संरचना गर्ने र नयाँ संविधान लेखन कार्य भैरहेको सन्दर्भमा जिविस महांसघ नेपालले संघीय संविधानमा स्वायत्त, अधिकारसम्पन्न र समावेशी स्थानीय सरकारको संवैधानिक प्रत्याभूतिको लागि निम्न प्रस्तावहरु पेश गर्दछ ।

क. जिल्ला विकास समिति महासंघ नेपालले देशका ५० भन्दा बढि जिल्लाहरुमा विभिन्न राजनीतिक दलहरु, नागरिक समाज र सरोकारवालाहरुसँग सघनरुपमा अन्तरकृया गरी स्थानीय सरकारको परिभाषा र प्रस्तावित कार्यगत अनुसूचि सम्वन्धमा गाँउ, नगर र जिल्ला तहको संरचनाका साथै कार्यसम्पादन सम्वन्धमा लामो समयदेखि आफना अवधारणाहरु सम्माननीय प्रधानमन्त्री, सम्माननीय सभामूख, राजनीतिकदलका नेताहरु, संवैधानिक समिति र विषयगत समितिका सभापतिहरु, संविधानसभा सदस्यहरु, उच्चस्तरीय राज्य पुर्नसंरचना आयोग समक्ष राख्दै आएको छ ।

ख. हालको कमजोर र अप्रयाप्त स्थानीय पूर्वाधारको अवस्था, मानवीय तथा आर्थिक विकासको पछौटेपन र लोकतन्त्रको प्रवर्द्धनमा नजिकबाट जनतालाई सेवा उपलब्ध गराउनु पर्ने अवस्थालाई ध्यानमा राख्दै (अ) स्थानीय तह र प्रदेशको तहमा समन्वय, (आ) योजना निर्माणमा सहजीकरण, (इ) स्थानीय तहका सरकारहरुको क्षमता विकास, (ई) स्थानीय तहका सरकारहरु वीच हुनसक्ने विवादहरुमा मध्यस्थता (उ) स्थानीय तहका सरकारहरुले गर्ने

विकास गतिविधिहरुको अनुगमन तथा मूल्याङ्कन जस्ता समन्वयकारी भूमिका निर्वाह गर्ने र (ऊ) संघीयताको नयां ढंगले अभ्यास गर्दा उत्पन्न हुन सक्ने वर्तमान असहज यथार्थतालाई समेत ध्यानमा राखी आवश्यकता अनुसार दुई वा दुई भन्दा वढी गाँउ र नगर क्षेत्रभित्रका पूर्वाधार विकासका कामहरु गर्ने र कतिपय सन्दर्भमा केन्द्रीय तथा प्रदेश सरकारले तोकिदिएका थप कार्यहरु समेत सम्पन्न गर्न जिल्ला सरकारको आवश्यकता रहन्छ भन्ने जिविस महासंघ नेपालको ठहर छ ।

ग. जिल्लातहको सरकार नहुने हो भने स्वाभाविक रुपमा प्रादेशिक सरकारहरुमा बढी तजवीजी ढंगका कानूनी अधिकार रहने र गाउं तथा नगर अन्तर्गतका क्षेत्रहरु प्रदेश भन्दा धेरै टाढा रहने हुंदा सम्पर्क र समन्वयमा कठिनाइ हुनेछ । संघीयतामा नजिकको सरकारको अनुभूति दिलाउन प्रादेशिक तहमा रहेका सेवा केन्द्रहरुको निर्माण र सेवाप्रवाहको अभ्यास गराउन जिल्ला तहबाट प्रदान गरिंदै आएका सेवाकेन्द्रहरुलाई समेत सक्रीय बनाउँदा मात्र सेवा प्रवाह सरल र सुलभ हुन्छ ।

घ. जिल्ला विकास समिति महासंघ नेपाल स्थानीय तहको सरकारमा निर्वाचित जनप्रतिनिधिमूलक जिल्ला सरकारको पक्षमा रहेकोछ । प्रदेश सरकारले तोकेर खटाइएका कर्मचारीहरुको भरमा मात्र जिल्ला तहको प्रशासनिक इकाई राखेर सेवा प्रवाह गर्ने र समन्वय गर्ने कामले स्थानीय लोकतन्त्रलाई बलियो बनाउन सक्तैन बरु यसले निर्वाचित जनप्रतिनिधिहरुको स्वाभिमानमा चोट पुग्न सक्नेछ ।

ङ. स्थानीय सरकारलाई समावेशी बनाइएपछि हाल संविधानसभा विषयगत समितिका प्रतिवेदनहरुमा प्रस्तावित गरिएका विशेष संरचना (स्वायत्त क्षेत्र, विशेष क्षेत्र र संरक्षित क्षेत्र) को कामलाई पनि जिल्ला सरकारले नै व्यवस्थापन गर्न सक्नेछ।

## स्थानीय स्वायत्त सरकार सम्वन्धी व्यवस्थाहरु

१. **प्रस्तावनाः** स्थानीय स्वायत्त शासनका माध्यमबाट अधिकारको निक्षेपण गरी विकेन्द्रीकृत प्रक्रियाद्वारा निर्णय प्रक्रियामा जनसहभागिताको प्रत्याभूत गराउने ।

२. **स्थानीय स्वायत्त सरकारसम्वन्धी हकः** आवधिक निर्वाचनबाट स्थानीय स्वायत्त सरकारको गठन गर्ने नेपाली नागरिकको हक सुनिश्चित हुनेछ ।

३. **राज्यको दायित्वः** संघीय र प्रान्तीय सरकारहरुले स्थानीय सरकारहरुको कार्यसम्पादनका लागि आवश्यक पर्ने साधन श्रोत, क्षमता विकास सम्वन्धी कार्यक्रमहरुको सञ्चालन र आवश्यक निर्देशनहरु दिन सक्नेछन् ।

४. **राज्यको निर्देशक सिद्धान्तः** स्वशासन र शक्तिको निक्षेपीकरणका सिद्धान्तहरुलाई आत्मसात् गर्नु राज्यको दायित्व हुनेछ ।

५. **राज्यका नीतिहरुः** सहभागिता, सहकारिता, समावेशी र सहअस्तित्वको सिद्धान्तलाई आत्मसात् गर्दै सन्निकटाको सिद्धान्तका आधारमा स्थानीय सरकारहरुको कार्य विभाजन अनुसूचीमा व्यवस्था भएअनुसार हुनेछ ।

६. **स्थानीय स्वायत्त-सरकारको स्थापनाः** (१) नेपाल गणराज्यभरी स्थानीय स्वायत्त-सरकारका रुपमा गाउँ सरकार नगर सरकार र जिल्ला सरकारहरु रहनेछन् । (२) स्थानीय सरकारको पुनःर्संरचना गर्दा एकरुपताका लागि मापडण्ड तय गर्न संघीय कानुन (Organic Law) अनुसार हुनेछ । (३) स्थानीय सरकारको निर्माण जनसंख्या र भूगोललाई आधारमानी गरिने छ । राजधानी र विकसित शहरहरुको लागि विशेष व्यवस्था गरिने छ । (४) स्थानीय तहको संख्या र सिमाना आवधिक रुपमा पुनरावलोकन गरिनेछ । सो प्रयोजनका लागि संघ, प्रदेश र स्थानीय सरकारले तोकेका विज्ञहरुको प्रतिनिधित्व रहने गरी एक आयोग गठन गरिनेछ । (५) उपधारा (३) बमोजिम गठन भएको आयोगले दिएको प्रतिवेदनका आधारमा स्थानीय तहको संख्या र सिमाना सम्बन्धित स्थानीयसरकारको सिफारिसमा सम्बन्धित प्रादेशिक सरकारले फेरबदल गर्नेछ । (६) स्थानीय स्वायत्त-सरकारको सिमाना निर्धारणमा जटील विवाद उत्पन्न भएमा सम्बन्धित क्षेत्रका जनताको जनमत संग्रहबाट निर्णय गर्न सकिनेछ ।

७. **स्थानीय सरकारको काम, कर्तब्य र अधिकारः** (१) प्रत्येक स्थानीय स्वायत्त-सरकारहरु आवधिक रुपमा निर्वाचित, अविच्छिन्न उत्तराधिकारवाला, स्वायत्त

र स्वशासित हुनेछन् । (२) स्थानीय सरकारहरु आफ्नो क्षेत्राधिकारभित्रका राजनैतिक, आर्थिक, प्रशासनिक, सांस्कृतिक लगायतका स्थानीय मामलामा विधायिकी, कार्यकारी र न्यायिक अधिकार क्षेत्रको अभ्यासका लागि स्वायत्त हुनेछन् । (३) यस संविधानमा व्यवस्था भएबमोजिम सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, शान्ति सुरक्षा, सामाजिक तथा आर्थिक न्यायको प्रतिकूल नहुने गरी प्रत्येक स्थानीय स्वायत्त-सरकारलाई आफ्नो क्षेत्रभित्रका जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकास तथा प्राकृतिक सम्पदाको संरक्षण, सम्बर्द्धन र उपयोग गर्ने अधिकार हुनेछ । (४) स्थानीय सरकार आफ्नो क्षेत्राधिकारभित्रका विषयमा नीति, योजना तथा बजेट निर्माण गरी लागू गर्न स्वतन्त्र रहनेछन् ।

८. **गाँउ नगर सरकारको विधायिका गठन प्रक्रियाः** (१) प्रत्येक स्थानीय सरकारमा विधायिकी अंग सर्वोच्च रुपमा रहनेछ । (२) स्थानीय सरकारको विधायिकाले आफनो कार्यक्षेत्र भित्रका विषयमा संघीय र प्रदेशका कानुनसँग नबाझ्िने गरी नियम विनियम निर्देशिका बनाउन सक्ने । (३) प्रत्येक स्थानीय सरकारमा विधायिकी अंगका रुपमा परिषद रहनेछ । (४) गाँउ तथा नगरसभामा समानुपातिक र समावेशी प्रतिनिधित्व सुनिश्चित हुनेगरी बहुसदस्यीय आधारमा प्रत्यक्ष रुपमा ७० प्रतिशत निर्वाचित हुनेछन् । (५) प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधित्व हुन नसकेका जाति, वर्ग र समुदायहरुको प्रतिनिधित्वलाई सुनिश्चित गर्न ३० प्रतिशत सदस्यहरु समुपातिक निर्वाचन प्रणालीका आधारमा निर्वाचित हुनेछन् । (६) स्थानीय सरकारको कार्यप्रणाली संविधान र कानूनको अधिनमा रही स्थानीय सरकार आफैंले निर्धारण गरेबमोजिम हुनेछ । (७) स्थानीय सरकारले आफ्नो क्षेत्राधिकारभित्रका विषयमा आफ्नो पुरक कानुन बनाई लागू गर्न सक्नेछन् ।

९. **जिल्ला सरकारको विधायिकाको गठन प्रक्रियाः** (१) जिल्ला परिषद्को गठन गर्दा गाँउ तथा नगरसरकारका परिषद सदस्यहरुको निर्वाचक मण्डलबाट ५५ प्रतिशत सदस्यहरु अप्रत्यक्ष निर्वाचनबाट आउनेछन् । (२) बाँकी ४५ प्रतिशत मध्ये २० प्रतिशत उद्योग बाणिज्य क्षेत्र, सामुदायिक बन, सहकारी, उपभोक्ता समितिहरु, गैसस, पत्रकार मध्येबाट हुने र बाँकी २५ प्रतिसत प्रतिनिधित्व आर्थिक तथा सामाजिक रुपले पछाडि पारिएका जातजाति, बर्ग, दलित आदिवासी, मधेसी, अपांग आदिबाट गरिनेछ । (३) जिल्ला परिषद्को कुल सदस्यको कम्तिमा ३३ प्रतिशत महिला हुनेछन । (४) जिल्ला

परिषदबाट जिल्ला प्रमुखको निर्वाचन गरिनेछ र प्रमुखद्वारा उपप्रमुख लगायत ६५ प्रतिशत सदस्यहरु परिषद् भित्रबाट र बाँकी ३५ प्रतिशत सदस्यहरु विषय विज्ञ लगायत अन्य क्षेत्रबाट गरिनेछ ।

१०. **स्थानीय सरकारको कार्यकारिणी अंगको गठनः** (१) प्रत्येक स्थानीय सरकारको कार्यकारिणी अंगमा अध्यक्ष र उपाध्यक्षसहित सदस्यहरु रहनेछन । (२) सदस्यको संख्या भूगोल र जनसंख्याका आधारमा कानुनमा व्यवस्था भए अनुसार हुनेछ । (३) उपधारा (१) बमोजिम अध्यक्षले सम्बन्धित स्थानीय सरकारका सदस्यहरुमध्येबाट अलग लिंग, समुदाय वा क्षेत्रसमेतका आधारमा समावेशी हुनेगरी १० प्रतिशत सदस्यहरुको मनोनयन गरी कार्यविभाजन समेत गर्नेछ । (४) यस भागमा लेखिएको स्थानीय सरकारको कार्यकारिणी सम्बन्धी अन्य व्यवस्थाहरु यस संविधानको अधीनमा रही कानुनमा व्यवस्था गरिएबमोजिम हुनेछ ।

११. **कार्यकारीणीको पदावधीः** (१) प्रत्येक स्थानीय सरकारमा कार्यकारिणी प्रमुख, उपप्रमुख लगायत सदस्यहरुको पदावधी ५ वर्षको हुनेछ । (२) स्थानीय तहको व्यवस्थापिकीय अंगका तत्काल कायम रहेका सदस्यहरुमध्येबाट एकतिहाई सदस्यहरुले राखेको महाभियोगको प्रस्ताव दुईतिहाई सदस्यहरुबाट पारित भएमा स्थानीय सराकारका कार्यकारी प्रमुख र उपप्रमुखको पदमुक्त हुनेछ ।

१२. **स्थानीय सरकारको कार्य जिम्मेवारी तथा अधिकारक्षेत्रः** (१) गाँउ, नगर र जिल्ला सरकारहरुको कार्य जिम्मेवारी तथा अधिकारक्षेत्र संविधानको अनुसूचीमा व्यवस्था गरेबमोजिम हुनेछ ।

१३. **स्थानीय सरकारको वित्तीय अधिकारक्षेत्रः** (१) गाँउ, नगर र जिल्ला सरकारले संघीय र प्रादेशिक सरकारबाट समानीकरण, निशर्त र सशर्त अनुदान पाउनेछन् । (२) गाँउ, नगर र जिल्ला सरकारको कामको जिम्मेवारी अनुरुप प्राकृतिक श्रोतबाट प्राप्त श्रोतको प्रतिशत निर्धारण गरिनेछ । (३) रजिष्ट्रेशन शुल्कको सतप्रतिशत (४) सेवा शुल्क तथा दस्तुर (५) प्राकृतिक स्रोतबाट प्राप्त रोयाल्टीको देहायको अंश बाँडफाँट गरिनेछ । (क) वन क्षेत्रको ५० प्रतिशत, (ख) खानी (ढुंगा, गिटी, वालुवा, मार्वल, स्लेट, माटो, खरीढुंगा, सिलाजित) को ५० प्रतिशत (ग) खानी (खनिज तेल, ग्याँस, सुन, तामा, फलाम, कोइला, अभ्रख, चुनढुंगाा, किकंर) को ५० प्रतिशत (घ)

पर्वतारोहण, पदयात्रा, संरक्षित क्षेत्र, राष्ट्रिय निकुञ्ज र वन्यजन्तु आरक्ष, पर्यटन प्रवेश शुल्कको ५० प्रतिशत, (ङ) जलविद्युत अन्तर्गतको रोयल्टी वापतको ५० प्रतिशत, (३) आफ्नो क्षेत्राधिकारभित्र कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु, सेवा, पूँजी र श्रमको आवत-जावत र छिमेकी प्रदेश वा स्थानीय सरकारलाई प्रतिकूल हुनेगरी लगाउन पाइने छैन । (६) जडिबुटी लगायत अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टीको ५० प्रतिशत स्थानीय सरकारलाई उपलब्ध गराउनु पर्नेछ । (७) स्थानीय स्वायत्त-सरकारले तोकिएको मापदण्डका आधारमा ऋण लिन पाउनेछन् । स्थानीय सरकारले लिने ऋणको व्यवस्थापन संघीय ऐनबाट निर्देशित हुनेछ ।

१४. **वित्तीय आयोगको गठन तथा काम, कर्तव्य र अधिकारः** (१) संघ, प्रदेश र स्थानीय सरकारहरुले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिणाम, करका आधार, दायरा, दर, समानीकरण, सशर्त/निशर्त अनुदान, तहगत सरकारका प्रतिनिधिमूलक संघ महासंघहरु, प्रदेश र संघको प्रतिनिधित्व रहनेगरी एक स्वतन्त्र राष्ट्रिय वित्तीय आयोग गठन गरिनेछ । आयोगले सम्बन्धित विषयका विशेषज्ञ रहेको कार्यदल बनाई कार्य गर्नेछ । (२) वित्तीय आयोग सम्वन्धी अन्य व्यवस्था संघीय कानूनमा व्यवस्था भएबमोजिम हुनेछ ।

१५. **स्थानीय सेवाको गठनः** (१) स्थानीय सरकारका कर्मचारीहरुको छनोट, भर्ना बढुवाका लागि प्रत्येक प्रदेश तहमा एक स्थानीय सेवा आयोग रहनेछ । (२) उक्त आयोगको काम, कर्तब्य र अधिकार कानूनद्वारा व्यवस्था भएबमोजिम हुनेछ । (३) जिल्ला भित्रका कर्मचारीहरुको समन्वय र व्यवस्थापन जिल्ला सरकारले गर्न सक्नेछ । (४) यो संविधान जारी हुँदाका बखत कार्यरत निजामति सेवा र स्थानीय सेवाका कर्मचारीहरुलाई निश्चित प्रक्रियाका आधारमा स्थानीय सेवामा समायोजन गर्न सकिनेछ ।

१६. **अन्तरसरकार सम्बन्ध र समन्वयः** (१) संघ, प्रदेश, स्थानीय सरकारबीचको सम्बन्ध सहकारिता, सह-अस्तित्व, समन्वय र परिपूरकको सिद्धान्तमा आधारित हुनेछ । (२) संघ, प्रदेश र स्थानीय सरकारले एक अर्कोसंग आपसी विश्वास, समन्वय र सहकार्यको आधारमा व्यवहार गर्नेछन् । (३) संघले सम्बन्धित प्रदेश र जिल्ला मार्फत् स्थानीय सरकारलाई संविधान, प्रचलित कानुन र मान्य सिद्धान्तबमोजिम सहयोग गर्ने, क्षमता बढाउने र निर्देशन दिन सक्नेछ ।

**१७ अन्तरसरकार विवाद समाधानः** (१) स्थानीय सरकारहरु बीच उत्पन्न जुनसुकै विवादहरुको समाधानका लागि दुई पक्षीय एवं बहुपक्षीय वार्ता, मेलमिलाप, समन्वय एवं मध्यस्थता जस्ता विवाद समाधानका वैकल्पिक प्रक्रियाहरु अवलम्वन गरिनेछ । (२) उपधारा (१) बमोजिम विवाद समाधान नभएमा त्यस्ता विवादको समन्वय र सहजिकरण जिल्ला परिषद्बाट गरिनेछ । (३) स्थानीय सरकारहरु बीच उत्पन्न हुने कानुनी विवादको शुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ । (४) स्थानीय सरकारहरु बीच र स्थानीय र प्रदेश सरकारबीच उत्पन्न हुने कानुनी विवादको सुरु कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित प्रादेशिक उच्च अदालतलाई हुनेछ । (५) उपधारा (४) बमोजिमको प्रक्रियाबाट पनि अन्तरसरकार बीच उत्पन्न विवादहरु समाधान नभएमा संविधानद्वारा सूचीकृत अधिकारको विषयमा प्रादेशिक/संवैधानिक/सर्वोच्च अदालतलाई हुनेछ । (५) जिल्ला अदालतले गरेको निर्णय उपर प्रादेशिक उच्च अदालतले र प्रादेशिक उच्च अदालतले गरेको निर्णयउपर संवैधानिक विषयमा संवैधानिक अदालतमा पुनरावेदन गर्न सकिनेछ तथा प्रादेशिक उच्च अदालतले गरेको निर्णयको संवैधानिक अदालतबाट परिक्षण गर्न सकिनेछ ।

**१८. संघीय तथा प्रदेश व्यवस्थापिका निर्वाचनको सम्बन्धमाः** (१) केन्द्रीय व्यवस्थापिकाको माथिल्लो सदन गठन गर्दा प्रदेशले निर्वाचित गरि पठाउने सदस्यका अतिरिक्त एक चौथाइ सख्यामा प्रत्येक प्रदेशभित्रबाट स्थानीय सरकार प्रमुख र उपप्रमुखहरुको निर्वाचक मण्डलले निर्वाचित गरि पठाउनेछ । (२) प्रदेश विधायिकामा एक चौथाइ संख्यामा प्रदेश भित्रका स्थानीय सरकारका परिषद् सदस्यहरुको निर्वाचन मण्डलबाट आफूमध्येबाट निर्वाचित हुनेगरी समावेशी समानुपातिक रुपमा प्रादेशिक विधायिकाको सदस्य निर्वाचित गर्नेछ ।

**१९. संविधान संशोधनः** स्थानीय सरकारसम्बन्धी संवैधानिक व्यवस्थामा संशोधन, हेरफेर वा थपघट गर्दा सम्बन्धित स्थानीय सरकार र उनीहरुको प्रतिनिधिमूलक संस्थाहरुसँग परामर्श गरी मात्र गरिनेछ ।

**२०. स्थानीय स्वायत्त-सरकारसम्बन्धी संक्रमणकालीन व्यवस्थाः** (१) यस संविधानद्वारा व्यवस्था गरिएको संघीय संरचनाअन्तर्गत स्थानीय

सरकारहरुको नयाँ संरचना तयार नभएसम्म विद्यमान स्थानीय निकायहरु प्रचलित कानुनबमोजिम तत्काल निर्वाचन गरी क्रियाशील बनाईनेछ ।

२१. **अन्तराष्ट्रिय सन्धि सम्झौताः** संघ तथा प्रदेशले आर्थिक तथा औद्योगिक विषयमा करारजन्य सम्झौता गर्दा सम्वन्धित स्थानीय सरकार र उनीहरुका संघ महासंघहरुको परामर्शमा गर्ने ।

२२. **स्थानीय सरकारमा न्याय निरुपण व्यवस्थाः** प्रत्येक स्थानीय सरकारमा न्याय निरुपणको लागि स्वतन्त्र र निश्पक्ष न्यायिक मध्यस्थता समिति गठन गरिनेछ । यस तहमा भएका फैसला उपर जिल्ला, प्रादेशिक र संवैधानिक/सर्वोच्च अदालतमा पुनरावेदन लाग्नेछ ।

## जिल्ला सरकारको कार्यजिम्मेवारीको सूचि ...

जिल्लातहको सरकारको कार्यजिम्मेवारी निम्नानुसार हुनेछ ।

१. गाँउ/नगर सरकारको योजना तर्जुमा र कार्यान्वयनमा सहजीकरण गर्ने ।
२. गाँउ/नगर सरकार र प्रान्त सरकारबीचमा मध्यस्थता भूमिका निर्वाह गर्ने ।
३. गाँउ/नगर सरकारले गरेका कामहरुको समन्वय, अनुगमन/मूल्यांकन र सहजिकरण गर्ने ।
४. गाँउ/नगर सरकारको क्षमता विकाससम्बन्धी काम गर्ने ।
५. जिल्ला स्तरमा निम्नानुसारका थप कामहरु गर्ने ।

- सुरक्षा निकायको व्यवस्थापन गर्ने, सहकारीको दर्ता, नवीकरण, अनुगमन र व्यवस्थापन गर्ने ।
- स्थानीय सेवा (कर्मचारी व्यवस्थापन र समन्वय) साथै प्राविधिक जनशक्ति व्यवस्थापन र सशक्तीकरण गर्ने ।
- शिक्षा नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- शैक्षिक तालिक केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।
- नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने । साथै जिल्ला अस्पतालको व्यवस्थापन गर्ने ।
- कृषि नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- पशुसेवा नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- सिँचाई नीति तर्जुमा, कार्यान्वयन, सहजीकरण गर्ने ।
- प्राकृतिक स्रोतको संरक्षण र सम्बर्द्धन गर्ने ।

- उर्जा नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- पूर्वाधार विकास नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- निर्माण र पूर्वाधारको बर्गिकरण गरी योजनाहरु सञ्चालन गर्ने ।
- तहको तथ्यांक संकलन, प्रशोधन र प्रकाशन गर्ने ।
- जलबायु परिवर्तन सम्वन्धी नीति तर्जुमा र कार्यान्वयन गर्ने ।
- खेलकुद र शारिरिक विकास सम्वन्धी कार्यक्रम बनाई लागु गर्ने ।
- यातायात गुरुयोजना तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- सञ्चार नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- वन नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- विभिन्न विषयगतकार्यालयहरुले गर्दै आएका गाँउ नगरभन्दा माथि र प्रदेश भन्दा तलका सबै विकास निर्माणका कार्यहरु गर्ने ।
- उद्योग नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- दैविप्रकोप नीति तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- घरजग्गा धनीपूर्जा वितरण र अभिलेख अद्यावधिक गर्ने ।
- लघु जलविद्युत सञ्चालनको अनुमति दिने तथा नविकरण गर्ने ।
- नागरिकता/राहदानी वितरण गर्ने रेकर्ड अद्यावधिक गर्ने ।
- जातजाति, भाषा, संस्कृति, लिपी र धर्मको संरक्षण, प्रवर्द्धन र उपयोग ।
- बजार तथा व्यापार व्यवस्थापन गर्ने ।
- होटल तथा उद्योग व्यवसायको दर्ता, नवीकरण र अनुगमन गर्ने ।
- बालमैत्री स्थानीय सरकार सम्वन्धी नीतिको तर्जुमा, कार्यान्वयन र सहजीकरण गर्ने ।
- महिला, दलित, आदिवासी, मधेसी, मुस्लिम, थारु, बृद्धबृद्धा लगायत पछाडि पारिएका बर्गको उत्थान गर्ने ।
- संघ तथा प्रदेश सरकारले तोकेबमोजिम अन्य काम गर्ने ।

# जिल्ला सरकारको आवश्यकता किन ?

नयाँ संविधान निर्माण प्रक्रियामा राज्यको संरचना, अधिकार र स्रोतको बाँडफाँटलाई दृष्टिगत गर्दा देहाय बमोजिमका आधारमा जिल्लाको तहगत संरचना र जिल्ला सरकारको औचित्यता तथा आवश्यकता छ ।

*(क) मुलुकको वर्तमान भौगोलिक विकटताह्य*
*(ख) सेवा प्रवाहमा जनताको पहुँच पु¥याउन ह्य*
*(ग) गाँउ तहमा हाल आवश्यक कार्य दक्षताको कमिह्य*
*(घ) भौतिक पूर्वाधारको कमि ह्य*
*(ङ) सेवाकार्यको तहगत विभाजनमा दोहोरोपनाह्य*
*(च) आर्थिक श्रोत संकलन र ब्यवस्थापनमा धान्न सक्ने सामर्थ्य ह्य*
*(छ) मध्यम स्तरको जनशक्ति आपूर्ति र समन्वय गर्न ।*

साथै विश्वका स्पेन, जर्मन, भारत, बेल्जियम, चीन, जापान, अमेरीका, फिलिपिन्स, डेनमार्क लगायतका देशहरुमा समेत जिल्ला तहको सरकारको अभ्यास गरी जनतालाई छिटो, छरितो, पारदर्शी र जवाफदेही सेवा प्रवाह गर्ने र तल्ला स्थानीय सरकारहरुको वीचमा समन्वयकारी भुमिका खेली स्थानीय लोकतन्त्रलाई बलियो बनाइएको छ ।

यस पृष्ठभुमिमा जिल्ला विकास समिति महासंघ नेपालले राज्यको पुनर्सरचना गर्दा केन्द्र, प्रदेश, स्थानीय सरकार (जिल्ला, गाँउ, नगर र विशेष स्वायत्त क्षेत्र) को स्पष्ट संवैधानिक ब्यवस्था गरी प्रस्ट कार्य विभाजन अनुसूचीमा राखिनु पर्दछ भन्ने संस्थागत मत अघि सारेको छ । जिल्ला विकास समिति महासंघ नेपालले अघि सारेको प्रस्तुत ब्यवहारिक अवधारणा बारे गंभीर छलफल गरी मुलुकका लागि उपयुक्त हुने राज्य पुनसंरचना गर्न सबै राजनीतिक दल, संविधान सभाका सभासद्ज्यूहरु, नागरिक समाज लगायत सार्वभौम नेपाली जनतामा हार्दिक अपिल गर्दछौं ।

जिल्ला विकास समिति महासंघ, नेपाल
सानेपा, ललितपुर
पो.व.नं. : १२०२२, काठमाडौं
फोन नं. : ०१-५५५४०८१, ५५२९२०२
फ्याक्स : ९७७-०१-५५४८४६९
ईमेल : addcn@addcn.org.np
वेब साईट : www.addcn.org.np